
# बगनासकाली गाउँपालिकाको
# संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन
## आ.व २०७८/७९




<u>प्रतिवेदन पेशगर्ने</u>

**सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.लि.**

**तिलोत्तमा-३, रुपन्देही**

**२०७८, पौष**

# विषय सूची


| क.सं | विषय | पेज |
|---|---|---|
| १ | भाग १ संगठन तथा व्यवस्थापन अध्ययन | १ |
| २ | भाग २ संक्षिप्त चिनारी | ९ |
| ३ | भाग ३ सांगठानिक ढाँचा | २९ |
| ४ | भाग ४ संस्थागत कार्यबोझ तथा कार्य विश्लेषण | ३४ |
| ५ | भाग ५ प्रस्तावित नयाँ संरचना | ३६ |
| ६ | भाग ६ कार्य बिबरण | ४५ |
| ७ | भाग ७ निष्कर्ष तथा सुझावहरु | ७४ |

# भाग १

# संगठन तथा व्यवस्थापन अध्ययन

## १.१ पृष्ठभूमी

लामो केन्द्रिकृत शासकीय पद्धती पश्चात नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेको छ । नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरको छ । नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्ने, संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, वहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने गरी शासन व्यवस्था सञ्चालन गर्ने आधार संविधानले दिएको छ । संघ, प्रदेश र स्थानीय तह बीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था रहेको छ । संघीय शासनको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने सङ्कल्प नेपालको संविधानले गरेको छ ।

विगतमा नेपालमा विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासन पद्धतिको विकासका लागि विभिन्न प्रयासहरु गरिदै आएका थिए । त्यस क्रममा राज्यले विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रकृयामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्ने नीति अगिंकार गर्दै आएको थियो । स्थानीय स्वायत्त शासन पद्धतिको स्थापना गरी आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन र विनियोजन स्थानीय जनता आफैले गर्न सक्ने व्यवस्था गरी विकासको प्रतिफल सन्तुलित एवं समान रुपमा वितरण गर्न समावेशी तथा सहभागितात्मक विकासको अवधारणालाई अगाडि सारिएको थियो ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय गरि तीन तहका सरकारहरुको व्यवस्था गरेको छ जस अनुसार सहकारिता, सहअस्तित्व र समन्वयकारी ढंगवाट संघीय राज्य प्रणाली सञ्चालन हुने व्यवस्था गरको छ । स्थानीय सरकारलाई संविधानवाटै विशेष अधिकार दिएको छ । यसैगरि संविधान बमोजिम प्रशासनिक पुनःसंरचनाको कार्य टुंगिएको छ । स्थानीय तहहरुले संविधान प्रदत्त एकल तथा साझा अधिकारको सफल अभ्यास गर्दै आएका छन् । नेपाल एकीकृत शासन प्रणालीवाट तहगत शासन प्रणालीमा प्रवेश गरेसगै यसको प्रशासनिक संरचनामा पुनरावलोकनको आवश्यकता हुनु स्वभाविक देखिन्छ । नेपालको संविधानको धारा ३०२ अनुसार कर्मचारी समायोजन ऐन, २०७५ जारी भएको छ। ऐनले गरेको व्यवस्था अनुसार राज्यका तीनै तहको काम, कर्तव्य र अधिकारको आधारमा प्रशासनिक संरचना निर्माण गरी साविकका निजामती सेवा तथा अन्य सेवामा कार्यरत कर्मचारीलाई तीनै तहमा समायोजन गर्ने काम सम्पन्न भएको छ। कर्मचारी समायोजन ऐन, २०७५ ले कर्मचारी समायोजनको कार्य सम्पन्न भएपश्चात स्थानीय तहले आवश्यकता अनुसार संगठन संरचना वा दरवन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा गाउँपालिकाको आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा गाउँपालिका वा गाउँपालिकामा विषयगत शाखा वा उप शाखा/इकाईहरु रहेको सङ्गठन